༄༅། །སྣར་པ་གླིང་གྲོང་སྡེ་ཁག།
# नार्पा भूमि गाउँपालिका
# Narpa Bhumi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
च्याख्, मनाङ, नेपाल
Chyakhu, Manang, Nepal
(2073)
गण्डकी प्रदेश
Gandaki Province

प.सं. (Ref. No.) : ०८१/ ८२
च.नं. (Dis. No.) :
मिति (Date): २०८१/११/२२

## आगामी आ.व.२०८२/८३ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने बारेको सूचना।

रोजगारीको हक सम्बन्धी ऐन, २०७४ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ (दोस्रो संशोधन, २०७८ सहित) को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८२/८३ मा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने १८ देखि ५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिहरुले २०८१ फागुन मसान्त भित्रमा आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगारको सूचीमा सूचीकृत हुन तपसिल बमोजिम आवश्यक कागजातहरु सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाचाँ सम्बन्धमा वडा कार्यालय, गाउँपालिकाको कार्यालय र प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ। सम्पूर्ण विवरण भरी वडा कार्यालयले प्रमाणित गरेको निवेदन मात्र EMIS मा दर्ता गरिने हुँदा सो बमोजिम गर्नु/ गराउनु हुन सम्बन्धि सबैमा जानकारी गराईन्छ।

### निवेदकले निवेदनका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

१. बेरोजगार व्यक्तिको नागरिकताको प्रतिलिपी र हालसालै खिचेको पासपोर्ट साईजको फोटो,

२. परिवारका सदस्यको नागरिकता नम्बर,जारी मिति, जारी जिल्ला, जन्म मिति,शैक्षिक योग्यता र रोजगारीको अवस्था,

३. बसाईसराइ गरेर आएको भएमा,बसाईसराइ प्रमाणपत्रको प्रतिलिपी,

४. एकै परिवारका २ वा सोभन्दा बढी निवेदक भएमा छुट्टाछुटै निवेदन दिनुपर्ने छ,

५. सीप तथा तालिम हासिल गरेको प्रमाणपत्रको प्रतिलिपी,

६. बैंक खाताको विवरण।

**नोटः-निवेदनमा माग भए बमोजिमको सम्पूर्ण विवरण अनिवार्य भर्नुपर्ने छ। यदि निवेदन अपूर्ण वा झुठो भएमा रोजगार सेवा केन्द्र स्वीकृत गर्न बाध्य हुने छैन।** (साथै विस्तृत जानकारीका लागि सम्पर्क नं. ९८४६८४९६४६)

लक्ष्मण गौली
नि. प्रमुख प्रशासकीय अधिकृत